प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं १

फोन न. ०२५ ५६५१६२

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
सुनसरी

प.स.: ०७९।०८०
च.न :

मिति : २०७९।०५।०२

सुचना नं. ०२-०७९/०८०

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०५।०२

यस भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको आ.व. ०७९।०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नका लागी सुनसरी जिल्ला अन्तर्गतका इच्छुक कृषक, कषक समूह, सहकारी, संस्था, व्यवसायीक फर्म/ कम्पनी /उधमी /व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र तोकिएको ढांचामा प्रस्ताव दर्ता गर्नु हुन अव्हान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन।

थप जानकारीका लागी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको फोन नं. ०२५ ५६५१६२, ०२५ ५६६९८२ मा सम्पर्क राख्नु हुन वा कृषि मन्त्रालय प्रदेश नं. १ को वेभसाईट molmac.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्वन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ। (एकपटक संघीय सरकार, मन्त्रालय, स्थानिय तह वा अन्य आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तिन बर्षसम्म कुनै अनुदान उपलब्ध गराईने छैन)

**कार्यक्रमको विवरण**

| क.स. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रदेश कृषि व्यवसाय प्रवर्दन अनुदान मापदण्ड २०७८ संग सम्वन्धीत बुद्धा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार |
|---|---|---|---|---|
| १ | व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रम | प्रति इकाई अधिकतम रु. ३० लाख वा लागत रकमको ७५प्रतिशत | परिच्छेद ३ को बुद्धा नं. १.३ | पशुपालन समूह / कृषि,पशुपालन सहकारी संस्था |
| २ | द्वन्द्वपिडित पशुपंक्षीपालन कार्यक्रम | प्रति इकाई अधिकतम रु. ३ लाख वा लागत रकमको ७५प्रतिशत | प्रदेश कृषि मन्त्रालयबाट तोके बमोजिम | जिल्ला प्रशासन कार्यालयबाट प्रमाण पत्र उपलब्ध गराईएको द्वन्द पिडित व्यक्ति वा परिवार साथै पशुपालन गर्न इच्छुक। |
| ३ | दुध उत्पादनका आधारमा अनुदान | प्रति लिटर रु. २ प्रोत्साहन अनुदान | परिच्छेदको बुद्धा नं. ८ | दुध कारोवार गर्ने सहकारी संस्था, दुध संकलन केन्द्र वा डेरी उधोगहरुले दैनिक कम्तिमा ५०० लिटर |

प्र. कार्यालय प्रमुख

फोन न. ०२५ ५६५१६?

प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं १

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
सुनसरी

| | | | | |
|---|---|---|---|---|
| | | | | दुध संकलन गर्ने संस्थाहरु |
| ४ | माछाको लागि Floating दाना निर्माण सम्वन्धि यन्त्र उपकरण खरिदमा सहयोग | प्रति इकाई अधिकतम रु. ५० लाख वा लागत रकमको ७५प्रतिशत | प्रदेश कृषि मन्त्रालयबाट तोके बमोजिम | प्रदेश कृषि मन्त्रालयबाट तोके बमोजिम |
| ५ | दाना उद्योगका लागि मकै, गहुँ भटमास भण्डार गृह निर्माण | प्रति इकाई अधिकतम रु. ५० लाख वा लागत रकमको ७५प्रतिशत | प्रदेश कृषि मन्त्रालयबाट तोके बमोजिम | प्रदेश कृषि मन्त्रालयबाट तोके बमोजिम |
| ६ | कृषिपशु/ सहकारी संस्थाहरुसंगको सहार्यमा व्यबसायिक पशु पालन कार्यक्रम | प्रति इकाई अधिकतम रु. ३५ लाख वा लागत रकमको ७५प्रतिशत | परिच्छेद ३ को बुदा न. ६.२ | कृषि तथा पशुपालन सहकारी संस्था कम्तिमा २५ जना कृषक आवद्ध गरि प्रस्ताव पेश गर्न सकिनेछ |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू**

(१) नेपाली नागरिकताको प्रतिलिपी ।

(२) स्थानियतहबाट प्रमाणित किसान परिचय पत्र भएमा संलग्न गर्ने । किसान परिचय पत्र पेश गरेमा प्राथमिकता दिईनेछ ।

(३) अनुदानग्राहीले अनुदानका लागी निवेदन पेश गर्दा निवेदन साथ सूचना प्रकाशन अगावै दर्ता भएको फर्म, उधोग, कम्पनी/ कृषि समूह/सहकारी/संस्था/समिति दर्ता तथा नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा न., करचुक्ता प्रमाण पत्र, लेखा परिक्षण प्रतिवेदन , गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागीता खुलेको प्रस्ताव, सम्वन्धी पशु सेवा शाखा र स्थानिय तहको सिफारिश ।

(४) संचालित व्यवसाय/ कार्यक्रम संचालन स्थालको रगीन फोटोहरू ।

(५.) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा १० बर्षको सम्भौतानामा ।

(६) समुह, समिति, सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी तथा कार्यक्रम कर्यान्वियन गर्ने प्रतिवद्धता पत्र ।

(७) लागत साझेदारी गर्ने रकमको स्रोत/ बैक स्टेटमेन्ट/ वित्तिय संस्थाको प्रतिवद्धता पत्र ।

(८) पशु विमाको कागजातहरू ।

(९) व्यक्तिगत रू. १००.०, संस्थागत रू. २००.० तथा ५० लाख वा सोभन्दा बढि कुल लागत भएको अनुदानको लागी रू. ५००.० भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीको बैंक खातामा रकम जम्मा गरेको भौचार ।

**प्रस्ताव बुझाउने स्थान :**
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरी

(नि. कार्यालय प्रमुख)
नि. कार्यालय प्रमुख

CS CamScanner